# कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रिया

ज्योति दाहाल

परीक्षा क्रमाङ्क : २०४००२४

त्रि.वि.द.नं. : ९-२-१-१०९६-२००६

क्याम्पस रोल नं. : ३२

नेपाली शिक्षा अन्तरगत स्नातकोत्तर तह द्वितीय वर्षको

नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका

निमित्त प्रस्तुत

**शोध पत्र**

२०७२ (सन् २०१६)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

कनकाई बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुरुङ्गा, झापा

# प्रतिबद्धता-पत्र

प्रस्तुत *कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रिया* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।


शोधार्थी

ज्योति दाहाल

एम्. एड्. दोस्रो वर्ष

श्री
(त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
नेपाल
☎ ०२३-५५०१५३,
०२३-५५०८५३
Fax - ०२३-५५०८५३

च.नं.
प.सं.

मिति :...............................

सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका निमित्त कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका विद्यार्थी श्री ज्योति दाहालले प्रस्तुत *कक्षा चारका शिक्षक विद्यार्थीको अन्तर्क्रिया* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । शोधार्थीद्वारा निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

...................................
सहप्रा. जीवनाथ सुवेदी
शोध निर्देशक
नेपाली भाषा शिक्षा विभाग

२४ जनवरी, २०१६

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापाबाट स्नातकोत्तर दोस्रो वर्षको नेपा.शि ५९८ पाठ्यांशको प्रयोजनका निमित्त शोधार्थी ज्योति दाहालद्वारा तयार पारिएको *कक्षा चारका शिक्षक विद्यार्थीको अन्तर्क्रिया* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

..........................

(सहप्रा. जीवनाथ सुवेदी)

शोध निर्देशक

..........................

(डा. दुर्गाप्रसाद दाहाल )

उपप्राध्यापक

बाह्य परीक्षक

..........................

उपप्रा. विष्णुप्रसाद कोइराला

विभागीय प्रमुख

मिति : १९ फेब्रुअरी २०१६ (२०७२/११/०७)

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोधपत्रलाई प्रस्तुतियोग्य बनाउनका लागि शोध निर्देशक कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका प्राध्यापक आदरणीय गुरु श्री जीवनाथ सुवेदीले पुऱ्याउनुभएको सहयोगका लागि आभार प्रकट गर्दछु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझावहरु दिनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका नेपाली विभागका विभागीय प्रमुख उपप्राध्यापक श्री विष्णुप्रसाद कोइराला तथा मेरा आदारणीय गुरुहरु सहायक प्राध्यापक श्री तेजप्रसाद खनाल र उपप्राध्यापक श्री शेरबहादुर बानियाँप्रति म कृतज्ञ छु । अध्ययनका लागि उपयुक्त वातावरण मिलाइदिनुहुने जीवनसाथी सेमन्त पोखेलप्रति आभार व्यक्त गर्दछु ।

अध्ययनको क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकज्यूहरू, प्रिन्सिपलज्यूहरु, विषय शिक्षकहरू तथा विद्यार्थीहरुप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोधकार्यको सुसाङ्ख्य टङ्कण, भाषिक शुद्धीकरण एवम् मुद्रणको लागि सहयोग पुऱ्याइदिनु हुने खनाल कम्युनिकेशनका सञ्चालिका श्री शकुन्तला खनाल तथा भाषिक शुद्धीकरण तथा लेआउटमा सहयोग पुर्याउनुहुने शनिश्चरे उच्च माध्यमिक विद्यालयका शिक्षक श्री सि. एम. खनालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पसप्रति पनि आभार व्यक्त गर्दछु ।

ज्योति दाहाल

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको छ ।

यो शोधपत्र झापा जिल्लाका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययनमा केन्द्रित रहेको छ । विद्यालयको स्वरुपको आधारमा तुलनात्मक अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूको कक्षा शिक्षणमा अन्तरक्रियाको अवस्था अध्ययन गर्नका लागि झापा जिल्लाको बुधवारे स्रोतकेन्द्र अन्तरगतका तीनवटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयलाई नमुनाका रूपमा लिई प्रश्नावली तथा कक्षा अवलोकनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गी प्रतिशतको आधारमा व्याख्या विश्लेषण गरिएको छ । जम्मा पाँच अध्यायमा विभाजित प्रस्तुत शोधपत्रलाई शोध परिचय, पूर्व साहित्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा, अध्ययन विधि, व्याख्या विश्लेषण तथा निष्कर्ष र सुझाव खण्डमा छुट्याइएको छ ।

झापा जिल्लाका कक्षा चारका सामुदायिक र संस्थागत विद्यालयका शिक्षक विद्यार्थी अन्तरक्रियाको अवस्थामा आधारित भई शोधपत्र तयार पारिएकाले निष्कर्षलाई सङ्क्षिप्तमा निम्न लिखित बुदामा प्रस्तुत गरिएको छ :

१. अध्ययनमा समावेश गरिएका नमुना शिक्षकहरू मध्ये ७५% तालिम प्राप्त र २५% तालिम अप्राप्त पाइएको छ ।

२. कक्षा प्रारम्भ गर्ने सवालमा तालिम प्राप्त शिक्षकहरूको कक्षा प्रारम्भ अति उत्तम पाइयो भने अन्य तालिम अप्राप्त शिक्षकहरूको कक्षा प्रारम्भमा अझै सुधार गर्नु पर्ने देखिन्छ । समग्रमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा कक्षा प्रारम्भ राम्रो ढङ्गले हुने गरेको पाइयो । पाठको सुरुवात प्रत्येक कक्षामा पूर्वपाठमा आधारित विषयवस्तुबाट सुरु गर्ने गरेको भए पनि पाठयोजना निर्माण गरी सो अनुरूप शिक्षण गर्ने प्रचलन भने अत्यन्त न्यून पाइएको छ ।

३. अध्ययन गरिएका विद्यालयहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था अत्यन्तै न्यून रहेको पाइएको छ । शब्दार्थ शिक्षण गर्दा केही कक्षामा शब्दपत्ती र अर्थ

वा वाक्यपत्तीहरू प्रयोग गरिएको पाइन्छ । शैक्षिक सामग्री प्रयोगमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका शिक्षकहरुको अवस्था राम्रो पाइयो ।

४. अध्ययन गरिएका विद्यालयहरूमा अधिकाम्शतः व्याख्यान विधिको प्रयोग गर्ने गरेको र शिक्षक मात्र कक्षाकोठामा एकोहोरो रूपमा बोलिरहेकोले विद्यार्थीका प्रतिभा र क्षमता विकास हुने अवसर कम देखिएको छ । अन्तरक्रियात्मक विधिको रूपमा छलफल र प्रश्नोत्तर विधिको केही प्रयोग भएको पाइएको छ । समस्या समाधान, भूमिका निर्वाह, खोज जस्ता शिक्षण विधिको प्रयोग नगण्य मात्रामा देखिन्छ । यसैले शिक्षक-विद्यार्थी अन्तरक्रियाका लागि व्याख्यान विधिभन्दा प्रश्नोत्तर, छलफल, समस्या समाधान, खोज जस्ता विधिहरूको माध्यमबाट विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिएको छ ।

५. कक्षा सञ्चालन समयको अधिकतम समय शिषकले बोलेर बिताउने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा ७०% र संस्थागत विद्यालयमा ६०% समय शिक्षकले बोल्ने गरेकाले विद्यार्थीले अन्तरक्रियाको लागि समय नपाएको देखिन्छ । शिक्षकको बोल्ने समय घटाई विद्यार्थी अन्तरक्रिया समय बढाउनु आवश्यक देखिन्छ ।

६. कक्षामा विद्यार्थी उपस्थितिको अवस्था राम्रो देखिए पनि कक्षा क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सन्तोषजनक देखिंदैन । कक्षाको वातावरण जीवन्त र अभिरुचिपूर्ण नभएका कालरण शिक्षकको एकोहोरो व्याख्यानप्रति विद्यार्थी आकृष्ट नभएको अवस्था देखिन्छ । कक्षाकोठालाई जीवन्त र क्रियाकलापजन्य बनाउन शिक्षकले योजनाबद्धध ढङ्गले लाग्नुपर्ने देखिन्छ ।

७. कक्षा क्रियाकलापमा सबै विद्यार्थीलाई सहभागी गराउने सवालमा शिक्षकले कक्षामा प्रश्न र अन्तरक्रिया गर्दा जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र जोड दिइएको पाइन्छ । वास्तवमा शिक्षण क्रियाकलापमा कमजोर र पछाडि बस्ने विद्यार्थीलाई बढी प्रश्नोत्तर एवम् अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिन्छ । कक्षाका सबै विद्यार्थीलाई समेटी विद्यार्थी-विद्यार्थीबिच तथा शिक्षक-विद्यार्थीबिच समेत अन्तरक्रिया सञ्चालन गर्नुपर्ने देखिएको छ ।

# विषय सूची


**अध्याय एक**

**परिचय**

अध्ययनको परिचय १

समस्याकथन २

उद्देश्य २

अध्ययनको औचित्य ३

अध्ययनको सीमा ३

अध्ययनको रूपरेखा ४

**अध्याय दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

पूर्वकार्यको समीक्षा ५

अध्ययनको उपादेयता ८

सैद्धान्तिक वा अवधारणात्मक ढाँचा ९

कक्षाकोठामा अन्तरक्रिया १०

भाषिक सिप शिक्षण प्रविधि १२

सैदेधान्तिक अवधारणा र यस अध्ययनको अन्तरसम्बन्ध १२

**अध्याय तिन**

**विधि तथा अध्ययनको पक्रिया**

अध्ययनको ढाँचा १४

जनसङ्ख्या तथा नमुना छनौट १४

तथ्याङ्क सङ्कलन १४

तथ्याङ्क सङ्कलनका साधन १५

तथ्याङ्कको व्याख्या विश्लेषण १५

## अध्याय चार

## कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको विश्लेषण


कक्षा सञ्चालनको समग्र स्थिति १६

कक्षा प्रारम्भ १६

शैक्षिक सामग्री प्रयोग १७

शिक्षण विधि १८

शिक्षक-विद्यार्थी सहभागी समयको बाँडफाँड १९

शिक्षक-विद्यार्थी सहभागिताको प्रवृत्ति २०

शिक्षक विद्यार्थी अन्तरक्रिया २१

पाठ्यवस्तु अनुरूप कियाकलाप २३

कक्षा सञ्चालनको तुलनात्मक अवस्था २४

कक्षा प्रारम्भको तुलना २४

शैक्षिक सामग्री प्रयोगको तुलना २६

शिक्षण विधिको तुलना २७

शिक्षक-विद्यार्थी सहभागी समयको बाँडफाँडको तुलना २८

शिक्षक-विद्यार्थी सहभागिताको प्रवृत्तिको तुलना ३०

शिक्षक विद्यार्थी अन्तरकियाको तुलना ३१

पाठ्यवस्तु अनुरूप कियाकलाप ३२

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण ३३


## अध्याय पाँच

## उपसंहार


सारांश ३५

निष्कर्ष ४१

सुझावहरू ४३

नीति निर्माण तहका लागि सुझावहरु ४३

कार्यान्वयन तहका लागि सुझावहरु ४४

थप अनुसन्धानका लागि सुझावहरु ४५

**सन्दर्भ सूची** **४६**

**परिशिष्टहरू**

# तालिका सूची


| | |
|---|---|
| कक्षा प्रारम्भमा अन्तक्रियाको अवस्था | १६ |
| शैक्षिक सामग्रीको प्रयोगको अवस्था | १७ |
| शिक्षण विधिको प्रयोग | १८ |
| शिक्षक विद्यार्थी सहभागिता | १९ |
| शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्ति | २१ |
| शिक्षक विद्यार्थी अन्तरक्रिया | २२ |
| क्रियाकलापहरू | २३ |
| कक्षा प्रारम्भको तुलना | २५ |
| शैक्षिक सामग्रीको प्रयोगको तुलना | २६ |
| शिक्षण विधिको तुलना | २७ |
| शिक्षक विद्यार्थी सहभागिताको तुलना | २९ |
| शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्तिको तुलना | ३० |
| शिक्षक विद्यार्थी अन्तरक्रियाको तुलना | ३१ |
| क्रियाकलापहरूको तुलना | ३२ |